# भाग ४

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ३५ मिति २०४२।४।१ अतिरिक्ताङ्क १८ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार प्रदान गरेको मिति २०४०।८।१६ देखि २०४२।८।१४ सम्मको निकासी नगद अनुदान दिने काम नेपाल राष्ट्र बैंकको सट्टा वाणिज्य बैंकहरू मार्फत नगद वा विकास ऋणपत्रको रूपमा दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४३।५।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा (परराष्ट्र) राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव स्तर) का देहायका अधिकृतहरूलाई मिति २०४३।३।२२ देखि लागू हुने गरी सोही सेवाको राजपत्रांकित द्वितीय श्रेणी (उप-सचिव स्तर) को पदमा बढुवा गरी परराष्ट्र मन्त्रालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

१. श्री वनमालीप्रसाद लाकौल ।
२. श्री लीलाप्रसाद शर्मा ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४३।५।२३ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालय, प्रधानमन्त्रीको कार्यालयका उप-सचिव श्री केशवप्रसाद खनाललाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४३।७।१ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

898

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, कात्तिक १० गते २०४३ साल (संख्या २८

## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

पर्यटन मन्त्रालयका सचिव श्री वीरेन्द्रनाथ खुजेली क्यानाडाको मंट्रियल जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क)ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजङ्ग राणालाई मिति २०४३।६।३ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भागलिन संयुक्त राज्य अमेरिका जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री बासुदेव प्रधानलाई मिति २०४३।६।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।